# झापा जिल्ला अदालतबाट प्रकाशित
## १५ दिने सूचना
## (विगो नं.१४६ तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला झापा धरमपुर गा.वि.स. वडा नं.-७ घर भै हाल मोरङ जिल्ला उर्लाबारी न.पा.वडा नं. ६ बस्ने नाबालक लुना ओझाको संरक्षक समेत लक्ष्मी चौहान ओझा प्रतिवादी जिल्ला झापा हाल मेचीनगर न.पा.वडा नं. ६ बस्ने युवक ओझा भएको मुद्दा नं. ०७१-CP-०५६९ को मानाचामल मुद्दामा झापा जिल्ला अदालतको मिति २०७४/०१/१२ को फैसला बमोजिम मानाचामल वापत मासिक रु ७,०००।– मानाचामल मुद्दाको फिराद परेको मिति २०७१।१०।१२ देखि अंश मुद्दाको वण्डा छुट्याएको मिति २०७५।०९।०७ गतेसम्म ३ बर्ष १० महिना २५ दिनको हुन आउने बिगो रु ३,२७,८३३.३३।- र कोर्ट फी रु ८२०।-समेत जम्मा रु ३,२८,६५३.३३।–विपक्षी बाट दिलाई भराई पाउँ भनी वादीको मिति २०७५/१२/१४ मा झापा जिल्ला अदालतमा दरखास्त परी फैसला कार्यान्वयनको सिलसिलामा मिसिल यस अदालतमा प्राप्त भई प्रतिवादीलाई जारी भएको ३५ दिने म्याद मिति २०७६/०२/२१ मा रीतपूर्वक तामेल भई भएको निर्दिष्ट मितिभित्र प्रतिवादीले सो रकम दाखेला नगरेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त जेथाको पंचकृते मूल्य मिति २०७६/०६/०६ मा कायम भईसकेकोले विगोले थामेसम्मको जेथा उक्त पंचकृते मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७६/०८/०२ गतेको डाक बढाबढ तारेख तोकिएको छ । यो सूचना तपसिल समेतका जग्गामा-१, विर्तामोड न.पा.को कार्यालय-१, मालपोत कार्यालय, भद्रपुर-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ । डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७६/०८/०२ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पंचकृते मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पंचकृते मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झापा | अनारमनी | ७ | १६६५ | ११८.६८५ व.मि. | युवक ओझा | प्रति धुर रु.१,३०,०००।- | |

इति सम्वत् २०७६ असोज २९ गते रोज ०४ शुभम्.......................................